# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत ११ गते २०३६ साल

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

२०३७ साल वैशाख १ गतेदेखि ऐ चैत्र मसान्ततक वर्ष एकमा मन्त्रालय, अड्डा अदालत, विभाग एवं कार्यालयहरूलाई देहायबमोजिम सार्वजनिक र पर्व बिदाहरू दिने श्री ५ को सरकारले निर्णय गरेको छ ।

१. हरेक शनिवार दिन बाउन्न– ५२

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वैशाख | ७, | १४, | २१, | २८ | | गते दिन चार | ४ |
| जेष्ठ | ४, | ११, | १८, | २५ | | गते दिन चार | ४ |
| आषाढ | १, | ८, | १५, | २२, | २९ | गते दिन पाँच | ५ |
| श्रावण | ४, | ११, | १८, | २५, | ३२ | गते दिन पाँच | ५ |
| भाद्र | ७, | १४, | २१, | २८ | | गते दिन चार | ४ |
| आश्विन | ४, | ११, | १८, | २५ | | गते दिन चार | ४ |
| कार्तिक | २, | ९, | १६, | २३, | ३० | गते दिन पाँच | ५ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मार्ग | ७, | १४, | २१, | २८ | | गते दिन चार | ४ |
| पौष | ६, | १३, | २०, | २७ | | गते दिन चार | ४ |
| माघ | ४, | ११, | १८, | २५ | | गते दिन चार | ४ |
| फाल्गुन | ३, | १०, | १७, | २४ | | गते दिन चार | ४ |
| चैत्र | १, | ८, | १५, | २२, | २९ | गते दिन पाँच | ५ |

२. पर्व बिदाहरू:

(क) नव वर्ष:– वैशाख १ गते आदित्यवार दिन एक १

(ख) ऋषितर्पणी (रक्षा बन्धन):– भाद्र १० गते मङ्गलवार दिन एक १

(ग) वसन्त पञ्चमी:– माघ २७ गते सोमवार दिन एक १

(घ) महा-शिवरात्रि:– फाल्गुन २१ गते बुधवार दिन एक १

(ङ) फागु पूर्णिमा:– चैत्र ७ गते शुक्रवार दिन एक १

(च) चैत्र शुक्ल अष्टमी (चैत्र दशैं) र रामनवमी:– चैत्र ३० गते आदित्यवार दिन एक १

३. महिला कर्मचारीको लागि मात्र:

(क) हरितालिका (तीज):– भाद्र २७ गते शुक्रवार दिन एक १

(ख) ऋषिपञ्चमी:– भाद्र २९ गते आदित्यवार दिन एक १

(ग) नारी दिवस:– ८ मार्च १९८१ तदनुसार फाल्गुन २५ गते आदित्यवार दिन एक १

४. जात्रा बिदा (उपत्यकालाई मात्र):

(क) गाइजात्रा:– भाद्र ११ गते बुधवार दिन एक १

(ख) इन्द्रजात्रा:– आश्विन ७ गते मङ्गलवार दिन एक १

(ग) घोडेजात्रा:– चैत्र २२ गते शनिवार बिदा भनिरहन नपर्ने।

(घ) मच्छिन्द्रनाथको भोटो देखाउने दिन एक १

५. दशैं बिदा:

(क) घटस्थापना:– आश्विन २४ गते शुक्रवार दिन एक १

(ख) आश्विन ३० गते बृहस्पतिवार फूलपातीदेखि ऐ. कार्तिक ७ गते बृहस्पतिवार कोजाग्रत पूर्णिमासम्म दिन आठ ८

६. तिहार बिदा:

(क) लक्ष्मीपूजा:– कार्तिक २२ गते शुक्रवार दिन एक १

(ख) गोवर्द्धनपूजा (म्ह पूजा):–कार्तिक २३ गते शनिवार बिदा भनिरहन नपर्ने।

(ग) भातृ (किजा) पूजा:– कार्तिक २४ गते आदित्यवार दिन एक १

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. दिवस बिदा:

(क) संयुक्त राष्ट्रसंघ दिवसः– २४ अक्टूबर १९८० तदनुसार कार्तिक ८ गते शुक्रवार दिन आधा ½

(ख) नेपाल शहीद दिवसः– माघ १६ गते बृहस्पतिवार दिन आधा ½

८. श्री ५ महाराजाधिराज सरकारको स्वदेश वा विदेश भ्रमणमा सवारी होइबक्सँदा र राजधानी फिर्ती सवारी होइबक्सँदा देहायनुसार बिदा हुने:–

(क) राजकीय भ्रमण गरिबक्सँदा अधिराज्यभर बिदा।

(ख) औपचारिक भ्रमण गरिबक्सँदा (उपत्यकाभित्र) का कार्यालयहरूलाई मात्र आधा दिन बिदा।

९. शुभ-जन्मोत्सव बिदा:

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सव अधिराज्यभर र अधिराज्य-बाहिरसमेत पौष १४ गते आदित्यवार (१९८० डिसेम्बर २८ तारीख) दिन एक १

(ख) श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सव अधिराज्यभर र अधिराज्य-बाहिरसमेत कार्तिक २२ गते शुक्रवार (१९८० नोवेम्बर ७ तारीख) दिन लक्ष्मीपूजाको बिदा भएकोले बिदा भनिरहन नपर्ने।

१०. जन्मजयन्ती बिदा:

(क) बुद्धजयन्तीः– वैशाख १८ गते बुधवार दिन एक १

(ख) कृष्णजयन्तीः– भाद्र १६ गते सोमवार दिन एक १

(ग) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको शुभ-जयन्ती पौष २७ गते शनिवार परेकोले बिदा भनिरहन नपर्ने।

(घ) राष्ट्रपिता श्री ५ त्रिभुवनजयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसः– फाल्गुन ७ गते बुधवार दिन एक १

(ङ) श्री ५ महेन्द्रजयन्ती तथा संविधान दिवस :– पौष १ गते सोमवार दिन एक १

११. हाजिर हुने र छुट्ने समय:

मन्त्रालय तथा कार्यालयहरूको हकमा मार्ग, पौष र माघ ३ महीना बिहान १० बजे हाजिर भै बेलुका ४ बजे छुट्ने बाँकी ९ महीना १० बजे हाजिर भै बेलुका ५ बजे छुट्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. निम्नलिखित उत्सव समारोहमा उपस्थितको निमित्त तोकिएको दिन, ठाउँ र समयमा सूचना भएबमोजिम गर्ने:–

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सवमा उपस्थित हुने।

(ख) श्री ५ महाराजाधिराज सरकारको बाहुलीबाट टीका थाप्ने।

(ग) श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सवमा उपस्थित हुने।

(घ) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको शुभ-जयन्तीमा उपस्थित हुने

(ङ) राष्ट्रपिता श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसमा उपस्थित हुने।

(च) श्री ५ महेन्द्रजयन्ती तथा संविधान दिवसमा उपस्थित हुने।

(छ) श्री ५ महाराजाधिराज सरकारबाट वसन्तश्रवण गरिबक्सने दिन उपस्थित हुने।

(ज) बडा दशैं फूलपातीको दिन उपस्थित हुने।

(झ) महा-शिवरात्रिको बढाइँमा उपस्थित हुने।

(ञ) घोडेजात्राको तमाशामा उपस्थित हुने।

१३. माथि लेखिएबमोजिम बिदा पाउनेमा रोजनामा काम हुने मन्त्रालय तथा कार्यालयहरू जस्तै :– अस्पताल, रोपवे, तार, टेलिफोन, प्रहरी थाना, चौकी, फायर बृगेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकारको छापाखाना, आकाशवाणी र हुलाकसमेतको कामकाज रोक्न नहुने कार्यालयहरूको निमित्त सरकारी कामकाज रोक्न नपाउने गरी प्रचलित कानूनबमोजिम रीत पुर्‍याई मात्र बस्न पाइनेछ।

टिप्पणी:

आधा दिन भन्नाले मार्ग, पौष र माघ ३ (तीन) महीनाको निमित्त दिनको १ बजे र बाँकी ९ (नौ) महीनाको लागि दिनको १½ बजे भन्ने सम्झनुपर्छ।

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

४८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।